"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७८/७९-१२५

मिति २०७८/०८/२८

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

**विषयः परिपत्र खारेजी सम्बन्धमा ।**

प्रस्तुत सन्दर्भमा तहाँ मन्त्रालयको च.नं. १६० मिति २०७८।८।२१ को महालेखा परीक्षकको ५८ औं प्रतिवेदनमा उल्लेखित "उपभोक्ता समितिबाट काम नगराउनु" भन्ने आशयको विषयलाई कार्यान्वयन गर्न भनि स्थानीय तहको लागि जारी पत्रमा यस नेपाल नगरपालिका संघ तथा गाउँपालिका राष्ट्रिय महासंघको गम्भिर ध्यानाकर्षण भएको र उक्त कार्य सच्याउनका लागि मिति २०७८/०८/२२ मा संयुक्त विज्ञप्ती मार्फत पत्राचार समेत गरिसकेकोमा हालसम्म पनि उक्त पत्र उपर खारेजीको पहल तथा कुनै पनि प्रतिक्रिया प्राप्त भएको छैन ।

विद्यमान सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ को उपदफा (१) ले सार्वजनिक निकायले खरिद गर्दा तोकिए बमोजिमको अवस्था र खरिद मुल्यको आधारमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागि गराई गर्न सक्ने व्यवस्था गरेको छ । सोही ऐनको नियमावली २०६४ को नियम ९७ ले रु. १ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा बसोबास गर्ने बासिन्दा वा त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन वा प्राप्त गर्न सकिने व्यवस्था गरेको छ । केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई संशोधन) को दफा ४७ को उपदफा (३) ले संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी अधिकार स्वयम् स्थानीय तहलाई प्रदान गरिसकेको सन्दर्भमा उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्नुपर्ने प्रावधान संघीयता र बर्तमान संविधानको मर्म र भावना विपरित छ ।

तसर्थ तहाँ मन्त्रालयले गरेको परिपत्र विद्यमान सार्वजनिक खरिद ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र संघीयताकै मर्म विपरित रहेकोले ३ (तिन) दिन भित्र खारेजीको सूचना सबै गाउँपालिका/नगरपालिकाहरुलाई नपठाएको खण्डमा उक्त परिपत्रको सम्पूर्ण स्थानीय तहले अवज्ञा गरी अन्य चरणबद्ध आन्दोलन गर्ने व्यहोरा जानकारी गराउँदछौं ।

.........................
अशोक कुमार ब्याञ्जु
अध्यक्ष

बोधार्थ : सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरु